**मुक्तियोद्धा श्री ज्ञानबहादुर (जी.बी.) याक्थुङबा**



हर्कजङ कुरुम्बाङ (UK)



नेपाली जनताका सच्चा महान् मुक्तियोद्धा श्री ज्ञानबहादुर सुब्बा अथवा जी.बी. याक्थुङबाको जन्म, १६ मार्च १९२० का दिन मकरध्वज र मोतीदेवीको कोखबाट बर्माको मचिना होरीलाइनमा भएको थियो । बाल्यअवस्थामा घरमा बोलाउने नाम मण्डलु थियो । पछि ज्ञान बहादुर सुब्बा हुँदै जी.बी. याक्थुङबाका नामबाट परिचित भए । उनको पुर्ख्यौली घर लिम्बूवानको पान्थर अमरपुरको हेम्व्या गाउँ हो । हाल उनका परिवार पुल्चोक ललितपुरमा बसोबास गर्दै आएका छन् । जी.बी. याक्थुङबा प्रमाणपत्र तहसम्मको औपचारिक शिक्षा पूरा गरी सैनिक सेवामा लाग्नु भएका याक्थुङबा चौथो बर्मा राइफलबाट आफ्नो सैनिक जीवन प्रारम्भ गरी दोस्रो विश्व युद्धमा बेलायती फौजतर्फबाट जापानीसँग लडेका थिए । विश्वयुद्धपछि सैनिक जीवनबाट अवकाश लिई भारतको पूर्वोत्तर रेलवे सुरक्षा गुल्मका अधिकृतका रुपमा गौहाटीमा काम गरेका थिए ।

नेपालमा राणा शासनबाट मुक्त गर्ने उद्देश्यले सन् १९४८ मे २० तारिखका दिन कलकत्ता चौरङ्गीमा विश्वयुद्धमा संलग्न योद्धाहरु र केही उत्साही प्रवासी नेपालीहरुबीच एउटा गोप्य बैठक बसी शशस्त्र क्रान्तिकारी दलको गठन गरेका थिए । त्यो क्रान्तिकारी दलको नाम "जनमुक्ति सेना" थियो र त्यस "जनमुक्ति सेना" को नामाकरण गर्ने व्यक्ति जी.बी. याक्थुङबा नै थिए । पूर्व भारतीय गोर्खा मेजर पूर्णसिंह ठाकुरको अध्यक्षतामा गठन भए पनि जनमुक्ति सेनाका संगठन विस्तार प्रशिक्षण तथा युद्ध सञ्चालन जस्ता महत्वपूर्ण जिम्मेवारीहरु याक्थुङबालाई दिएको थियो । संगठन विस्तार पछि उहाँले रेलवे सुरक्षाको कार्यबाट अवकाश लिई नेपाल देश र जनताको लागि राणा शासनको विरुद्ध लड्नु भयो । लगभग साढे छ दशक अघि नेपाली जनताको चेतनास्तर कम भएको अवस्थामा त्यस्तो महान् क्रान्तिलाई सफलतापूर्वक सम्पन्न गराउनु चानचुने कुरा थिएन । दोस्रो विश्वयुद्धको धक्का र अन्य कारण राजनीतिक परिस्थितिले साथ दिए पनि तत्कालीन जनताको चेतना स्तर, स्रोत साधनको कमी आदि हिसाबले हालै सम्पन्न नेकपा माओवादीद्वारा सन्चालित जनयुद्ध र सात सालको क्रान्तिसंग तुलना गर्न मिल्दैन । राणाहरुको आधुनिक हतियारद्वारा सुसज्जित चौबीस पल्टनलाई हराउन याक्थुङबाको फौजी रणनीतिक कुशलताबिना सम्भव थिएन । जनमुक्ति सेनाले राष्ट्रिय सेनालाई परास्त गरेपछि दिल्ली सम्झौताको आधारमा नेपालमा प्रजातन्त्रको स्थापना भयो । पराजित राष्ट्रिय सेनालाई विघटन गरी त्यसका ठाउँमा जनमुक्ति सेनालाई संगठित गरिनुपर्ने जी.बी. याक्थुङबाले प्रस्ताव राखे । तर त्यस प्रस्तावलाई स्वयम कांग्रेस नेता बी.पी. कोइरालाले अस्वीकार गरे । अन्तमा जनमुक्ति सेनालाई अर्धसैनिक बलका रुपमा सीमित गरियो । त्यसको ठीक दस वर्षपछि तिनै याक्थुङबाले राखेको विचार विपरीत संगठित सेनाको बलमा बी.पी. कोइरालाको निर्वाचित सरकारलाई बर्खास्त गरिदियो । यसरी तत्कालीन समयमा राष्ट्रलाई आइपर्ने संकटको पूर्वाभास गर्ने श्री ज्ञान बहादुर (जी.बी.) याक्थुङबा नै थिए । त्यत्रो नेपाली जनतालाई मुक्त गर्ने अभियानमा लागेर जीवनको आहुती दिन पछि नपर्ने याक्थुङबाको नामप्रति आम नेपालीहरु पूर्णरुपले ज्ञानशून्य र बेखबर छन् । कयौं वीर युद्धाहरुलाई राज्यले वास्ता नगरेको उदाहरण धेरै छन् । तर मुक्तियोद्धाका अग्रणी नायक याक्थुङबा यसका उधाहरण हुन् । क्रान्तिको समयमा एउटा सानो इलाकाको नेतृत्व गरेकाहरुको धेरैको सालिक निर्माण गरियो । उनीहरुको नाममा सरकारी ढुकुटीबाट करोडौंको ट्रस्ट खोलिएका छन् । राष्ट्रिय स्तरका अस्पताल,विश्वविद्यालय,राजमार्ग नामकरण गरिएका छन् । राष्ट्रकै लगानीमा अनेकौं पुस्तक लेखेर उनीहरुको राज्यले आवश्यताभन्दा बढी सम्मान गरिरहेको अवस्था छ । तर राणा शासन विरुद्ध सशस्त्र क्रान्ति गर्न बनेको जनमुक्ति सेनालाई हाक्ने प्रमुख कमान्डर तथा जनताका प्रथम प्रहरी महानिरीक्षक जी.बी. याक्थुङबालाई राज्यले नसम्झनु दुःखदाइ कुरा हो ।

नेपाली जनताको पहिलो प्रहरी महानिरीक्षक याक्थुङबा भएको धेरै कम नेपाली र लिम्बहरुलाई मात्र थाहा छ त्यसबेला जनतालाई राजनैतिक ऊर्जा दिने जनमुक्ति सेनाले हरेक दिन गाउने गीत पनि यिनै याक्थुङबाले रचना गरेको उनका सहकर्मीहरु बताउँछन् । सशस्त्र क्रान्तिको नेतृत्व गर्ने योद्धाको अवमूल्यन गर्दै तत्कालीन राणा-काङ्ग्रेस संयुक्त सरकारले याक्थुङबालाई बडा हाकिम नियुक्त गरी इलाम पठाइयो । यता सक्षम नेतृत्वको अभावका कारण रक्षा दलभित्र विद्रोह हुने संकेत देखिएकाले उनलाई काठमाण्डौंमा झिकाएर डीआईजीमा नियुक्त गरी दलको नेतृत्व सम्हाल्न दिइयो । उनकै कार्यकालमा रक्षादललाई प्रहरीका रुपमा परिणत गरी ज्यादै प्रशंसनीय काम गरेको छन् । आइजीपी नर शम्सेरको नेतृत्वले जी.बी याक्थुङबालाई मार्न ठूलो षड्यन्त्र गरेका थिए । तर त्यो षड्यन्त्र याक्थुङबाले थाहा पाएर उल्टो नियन्त्रणमा लिइ जेल चलान गरे । यसरी नर शम्सेरको कमाण्डमा रहेको नेपाल प्रहरी सरकारविरुद्ध विभिन्न षड्यन्त्र गरेकोले राणालाई हटाएर याक्थुङबालाई आइजीपीमा बढुवा गरी २०१० कार्तिकदेखि जनताको छोराको तर्फबाट पहिलो प्रहरी महानिरीक्षकको जिम्मेवारी वहन गरेका थिए । ३३ वर्षमै आइजीपी भएका याक्थुङबाले राणाहरुको इटा बोक्ने घरेलु कामदारको रुपमा प्रहरी प्रयोग हुनुपर्ने कुरालाई सुधार गरी प्रहरीलाई आधुनिकीकरण गरे । तर उनको उन्नतिबाट त्रसित भएका राणा मात्र होइनन् स्वयम् नेपाली काँग्रेस र राजासमेत उनका विरुद्ध खनिए । फलस्वरुप २०१२ भदौमा उनलाई अचनाक राजा महेन्द्रबाट बर्खास्त गरी सरकारी गेस्टहाउसमा बन्दीका रुपमा राखियो । तर मुमा बडामहारानीले सङ्कटको बेला सहयोग गर्ने याक्थुङबालाई यस्तो अवमानजनक दुःख दिनु नहुने भनेपछि बर्माका लागि महावाणिज्य दूतमा पठाइयो । उनी बर्मामा आवसीय राजदूत हुँदा दक्षिण पूर्वी एसियाली राष्ट्रहरुकै कुटनैतिक प्रमुखहरुको डीन पनि थिए । उनी बितेको लामो समय बितिसक्दासमेत कसैले नसम्झनु बिडम्बना मात्र होइन, सिङगो राष्ट्र र प्रजातन्त्रको उपहास गर्नु सरह हो । राज्यले कम्सेकम उनका नाममा एउटा प्रतिष्ठानसंम्म स्थापना गरी उनले यो राष्ट्रलाई दिएको योगदान र उनको बलिदानीपूर्ण इतिहासको कदर गर्नुपर्ने धारण राख्ने उनका सहयोद्धाहरु छन् तर यसो गर्ने काममा भने जति सरकार फेरबदल भए पनि आज संम्म कुनै सरकार प्रमुखहरुले सम्झना गरी पहल गरेका छैनन् ।

सात सालपछि देशमा धेरै राजनीतिक छलाङ पार भए पनि मुलुकले ठोस पाइ नसकेको सबैलाई अनुभूति भएको छ । सात सालमा एकडेढ सय जुटमिल मजदुरका नेता गिरिजाप्रसाद कोइराला पटकपटक सरकार प्रमुख भए । यता र उता कुरा ओसारेर पान चपाउँदै हिँड्ने कृष्णप्रसाद भट्टराईको लागि राज्यले कडोरौंको आश्राम निर्माण गरेको छ । कोही स्तुति लेखेर राष्ट्रका व्यक्तित्व भए,कोही ठूला पुरस्कारका तावेदार भए । राजनीतिक रुपमा नेपाली काँग्रेसलाई सुरक्षित अवतरण गराउने महत्वपूर्ण भूमिका खेलेका याक्थुङबालाई उक्त पार्टीले सत्तामा पुगेकै दिन बिर्सिदियो । त्यतिमात्र कहाँ हो र ! नेपाल प्रहरीको आर्किटेक्ट याक्थुङबालाई आफ्नै संस्थाको वार्षिक उत्सवमा सम्झने परम्परा समेत छैन । भागेको राजालाई अमर सहिदहरु भन्दा माथि राखेर गर्व गर्ने हामी नेपालीको दयनीय हविगत हुनको प्रमुख कारण याक्थुङबा जस्ता नेपाली जनताका मुक्ति योद्धालाई बिर्सेर नै हो भन्न अब कुनै सन्देह छैन । याक्थुङबा ५० वर्षको उमेरमा नै सन् १९७० मा देहवासन भएको थियो । उहाँ एउटा भोजमा सामेल भएर घर फर्कि सुतेपछि सुतेको सुतै भएका थिए । यसमा कसैको षड्यन्त्र थिएन भन्न सकिन्दैन । याक्थुङबाको नाममा ट्रस्ट खोली स्मृति ग्रन्थ निकाल्ने उनलाई राष्ट्रिय विभूति बनाउने कुरामा हरेक क्षेत्रबाट बौद्धिक वर्ग, पाटीका राजनीतिक नेता देखि लिएर सम्बद्ध संघ संस्थाहरुले समेत पहल गर्नु जरुरी छ ।

स्रोतः
कृष्णकुमार छेम्मा -तेह्रथुम आवाज वर्ष २,अंक १,चैत्र २०६६
श्यामकुमार तामाङ - जनमुक्ति सेना एउटा नलेखिएको इतिहास २०५६